नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

## विश्वविद्यालयका विद्यार्थीहरु बिच STEM Materials निर्माण प्रतिस्पर्धा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०६/२६)

यस मन्त्रालयको आ. व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विश्वविद्यालयका विद्यार्थीहरु बीच प्रतिस्पर्धा गराउने उद्देश्य बमोजिम यो सूचना प्रकाशन गरिएको छ । यस वर्षको प्रतिष्पर्धाको विषय "माध्यमिक विद्यालयहरु (कक्षा ५-१०) मा प्रयोग हुने विज्ञान, प्रविधि, इन्जिनियरिंग र गणित (STEM) सिकाई सामग्री निर्माण" रहेको छ । यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा विद्यार्थी समुहबाट निवेदन माग गरिने, प्राप्त निवेदनहरुबाट दोस्रो चरणका लागि समुह छनौट गरिने छ र विद्यार्थी समुहलाई आफ्नो सोच अनुसारको वस्तु निर्माण गर्न ४ महिनाको समय दिइने छ । दोस्रो चरणमा सहभागी सबै समुहलाई "विश्वविद्यालयका विद्यार्थीहरु बीच (STEM Materials सम्बन्धी) प्रतिस्पर्धा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधी, २०७९" बमोजिम सहयोग रकम प्रदान गरिने छ । प्रतिष्पर्धामा सहभागि हुन चाहनुहुने विद्यार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र आई पुग्ने गरी सोही कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा यस मन्त्रालयमा आइपुग्ने गरी वा सबै आवश्यक कागजात प्रमाणित गरेर स्क्यान गरी innovation@moest.gov.np मा ईमेल गरी निवेदन दिनु हुन अनुरोध छ । म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदनहरु छनौटका लागि समावेश हुने छैन । उल्लेखित कार्यविधि एवं यस वर्षको विषयसँग सम्बन्धित टि.ओ.आर. मन्त्रालयको वेभसाइट www.moest.gov.np बाट हेर्न/डाउनलोड गर्न सकिने छ ।